# गाउँपालिका स्तरीय महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५

गाँउ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।२।३१

**प्रस्तावनाः**

नेपालको संविधानको प्रस्तावना र मौलिक हकको मर्म र भावना बमोजिम महिला वर्गको हक, हित तथा अधिकार संरक्षण, सम्वर्द्धन एवम् प्रत्याभूत गरी माङसेबुङ गाउँपालिकालाई समतामूलक गाउँको रुपमा विकास गर्न साथै प्रचलित कानुनले परिभाषित गरेको महिला वगलाई राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक एवम् शैक्षिक लगायत समग्र क्षेत्रमा पहिचान, प्रतिनिधित्व र पहुँच अभिवृद्धि गर्दै गाउँपालिकाको विकासको मूल प्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले गाउँपालिका स्तरीय महिला समन्वय समितिको स्थापना र सञ्चालन गर्न संविधानको धारा २१८ र स्थानीय शासन सञ्चालन ऐनको १०२ (२) ले दिएको अधिकारलाई प्रयोग गरेर गाउँपालिका स्तरीय महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **स.क्षिप्त नाम र प्ररम्भ** : (१) यस सञ्चालन कार्यविधिको नाम गाउँपालिका स्तरीय महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ रहेको छ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा।

(क) **गाउँपालिका** भन्नाले माङसेबुङ गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) **कार्यपालिका** भन्नाले माङसेबुङ गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) **वडा समिति** भन्नाले माङसेबुङ गाउँपालिकाको वडा समितिलाई सम्झनुपर्छ।

(घ) **अध्यक्ष** भन्नाले माङसेबुङ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ङ) **उपाध्यक्ष** भन्नाले माङसेबुङ गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(च) **वडा अध्यक्ष** भन्नाले माङसेबुङ गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनुपर्छ।

(छ) **गाउँपालिका** भन्नाले माङसेबुङ गाउँपालिकालाई सम्झनुपर्छ।

(ज) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले माङसेबुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(झ) **गाउँसभा** भन्नाले माङसेबुङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(ञ) **अध्यक्ष** भन्नाले गाउँपालिका स्तरीय महिला समन्वय समितिको अध्यक्षलाई सम्झनुपर्छ।

(ट) **सचिव** भन्नाले गाउँपालिका स्तरीय महिला समन्वय समितिको सचिवलाई सम्झनुपर्छ।

(ठ) **कोषाध्यक्ष** भन्नाले गाउँपालिका स्तरीय महिला समन्वय समितिको कोषाध्यक्षलाई सम्झनुपर्छ।

(ड) **सदस्य** भन्नाले गाउँपालिका स्तरीय महिला समन्वय समितिको सदस्यलाई सम्झनुपर्छ।

(ढ) **समिति** भन्नाले गाउँपालिका स्तरीय महिला समन्वय समितिलाई सम्झनुपर्छ।

(ण) **पदाधिकारी** भन्नाले गाउँपालिका स्तरीय महिला समन्वय समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनुपर्छ।

(त) **सदस्य** भन्नाले गाउँपालिका स्तरीय महिला समन्वय समितिको सदस्यलाई सम्झनुपर्छ।

## परिच्छेद-२
## समितिको गठन तथा काम, कर्तव्य, अधिकार

३. माङसेबुङ गाउँपालिका भित्रका महिला वर्गको हक, हित तथा अधिकार संरक्षरण, सम्वर्द्धन एवम् प्रत्याभूत गरी माङसेबुङ गाउँपालिकालाई समतामूलक गाउँको रुपमा विकास गर्नको लागि यो कार्यविधिको परिच्छेद-२ को दफा ८ मा व्यवस्था भएको योग्यता पुगेको क्रियाशील व्यक्तिहरु मध्येबाट गाउँ कार्यपालिकाले देहाय बमोजिमको ११ सदस्यीय **गाउँपालिका स्तरीय महिला समन्वय समिति** गठन गर्नेछ :

| | |
|---|---|
| (क) कार्यपालिकाले चयन गरेको १ जना | अध्यक्ष |
| (ख) कार्यपालिकाले चयन गरेको १ जना | उपाध्यक्ष |
| (ग) कार्यपालिकाले चयन गरेको १ जना | सचिव |
| (घ) कार्यपालिकाले चयन गरेको १ जना | सह सचिव |
| (ङ) कार्यपालिकाले चयन गरेको १ जना | कोषाध्यक्ष |
| (च) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरुको तोकेको प्रतिनिधि १-१ जना | सदस्य |
| (छ) महिला वर्गको हक, हित संरक्षण र सम्वर्द्धनमा विशेष योगदान गर्ने संघ, संस्था एवम् पेशा, व्यवसाय समेतको प्रतिनिधि हुने गरी | सदस्य |

४. दफा ३ बमोजिम गठन भएको समितिको पदावधि गठन भएको मिति देखि तिन (३) वर्ष हुनेछ ।

५. अध्यक्षले कुनै कारणबाट आफ्नो पदबाट राजिनामा दिन चाहेमा गाउँपालिका अध्यक्ष समक्ष र अन्य पदाधिकारीले तथा सदस्यले अध्यक्ष समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

६. पदावधिको वीचमा राजिनामा दिई, मृत्यु भई, अशक्त भई, फौजदारी अभियोगमा अदालतबाट सजाय पाई, बसाईसरी बाहिर गएमा, पदिय दायित्व सन्तोषजनक ढंगले वहन नगरी पदबाट फिर्ता बोलाई वा अन्य कारणले समितिको पद रित्त भएमा बाँकी रहेका पदावधिको लागि मात्र गाउँ कार्यपालिकाले मनोनयन गर्नेछ ।

७. समितिमा गाँउ कार्यपालिकाले मनोनयन गरेका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको गाउँ कार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी तथा सदस्यलाई आफ्नो पदबाट फिर्ता बोलाई बाँकी पदावधिको लागी रित्त पदमा मनोनयन गर्न सक्नेछ ।

**८. समितिमा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :**

(क) महिला वर्गको बारेमा पर्याप्त जानकारी भई योगदान पुर्‍याउन सक्ने

(ख) महिला वर्गको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको नेपाली नागरिक मात्र

(ग) गाउँपालिका भित्र बसोबास गरी योगदान पुर्‍याई रहेको व्यक्ति

(घ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति

(ङ) मानसिक सन्तुलन नगुमाइएको व्यक्ति

(च) बैक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति

(छ) माङसेबुङ गाउँपालिकालाई तिर्नु पर्ने कुरै कर, राजश्व, सेवा शुल्क लगायत बाँकी बक्यौता नभएको ।

९. **समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधिको सीमाभित्र महिला वर्गसँग सम्बन्धित नीति, कार्यक्रम तर्जुमा गरी गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने

(ख) गाउँ कार्यपालिकाबाट स्वीकृत नीति, कार्यक्रमको अधिनमा रही महिला वर्गसम्बन्धी योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने

(ग) महिला वर्गको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, स्वास्थ्य लगायतका क्षेत्रलाई समेटेर रणनीतिक योजना तयार पारी सोही अनुरुप कार्य गर्ने,

(घ) गाउँपालिका क्षेत्रमा क्रियाशिल महिला वर्गको क्षेत्रमा क्रियाशील संघ, संस्थासँग सहकार्य समन्वय गर्ने,

(ङ) समितिको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(च) महिला वर्गको समग्र विकास, सशक्तीकरण एवम् मूल प्रवाहीकरण सम्बन्धी विषयमा गाउँ कार्यपालिकालाई सुझाव दिने

(छ) तोकिए बमोजिमको काम गर्ने, गराउने ।

**१०. समितिको बैठकः** समितिको बैठक हरेक दुई महिनामा एक पटक बस्नेछ भने यस बाहेक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठकको निर्णयलाई अध्यक्षद्धारा प्रमाणित गरि राखिनेछ । समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-३
## समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

११. समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. समितिको नेतृत्व गर्ने ।

२. समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकि मत बराबर भए निर्णायक मत दिने ।

३. सचिवलाई बैठक बोलाउन आदेश दिने ।

४. बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने ।

५. बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यन्वयन गर्ने, गराउने ।

७. समितिको कोषको खाता सचिव र कोषाध्यक्षसँग सञ्चालन गर्ने ।

८. आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने ।

९. पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने ।

१०. पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने ।

११. समितिको कामको अनुगमन तथा नियमन गर्ने/गराउने ।

१२. समतिले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षलाई सहयोग गर्ने ।

२. कार्यवाहक अध्यक्ष तोकिएमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने, गराउने ।

३. समितिको कार्यहरुको अनुगमन गर्ने गराउने ।

४. कार्य समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने गराउने ।

(ग) **सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षलाई सहयोग गर्ने ।

२. समितिको कार्यहरुको अनुगमन गर्ने/गराउने ।

३. समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने/गराउने ।

४. अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने ।

५. समितिको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने/गराउने ।

(घ) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. समितिको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने/गराउने ।

२. समितिको कोष सञ्चालन गर्ने ।

३. समितिको नाममा रहेको बैंक खाता अध्यक्षसँग संयुक्त रुपमा सञ्चालन गर्ने ।

४. समितिको आर्थिक योजना बैठक समक्ष पेश गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

५. कानुन बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लगाउने ।

६. गाउँपालिकाले तोको लेखा परीक्षकद्धारा लेखा परीक्षण गराउने र प्राप्त भएको बेरुजु फछ्र्यौट गर्ने ।

७. कार्य समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने गराउने

(ङ) **सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्ष तथा समितिलाई सहयोग गर्ने ।

२. बैठकमा सहभागी हुने ।

३. समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

(च) **वडा स्तरिय महिला समन्वय समिति :** वडा भित्रका महिला वर्गको हकहित र अधिकार प्राप्तीमा उल्लेखनिय योगदान गर्ने व्यक्ति, संघ–सस्था, व्यवसाय पेशा भएका र राजनीतिक, सामाजिक र बौद्धिक व्यक्तित्वहरुबाट ९ सदस्यीय वडा स्तरिय महिला समन्वय समिति गठन गर्न सकिने छ ।

## परिच्छेद-४
## समितिको कोष

१२. समितिको कोषः (१) समितिको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको वार्षिक बजेटको रुपमा उपलब्ध हुने रकम

(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट प्राप्त हुने दान, दातव्य, अनुदान रकम

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम

(घ) महिला वर्गसँग सम्बन्धित संघ, संस्थालाई आवद्धता प्रदान गर्दा प्राप्त रकम

(ङ) प्रकाशन विक्रिबाट प्राप्त हुने रकम

(च) प्रतियोगिता सञ्चालनबाट प्राप्त हुने रकम

(छ) सेवा सञ्चालनबाट प्राप्त हुने रकम

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(३) समितिको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने सम्पूर्ण रकम समितिले तोकेको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको बैंक खाताको सञ्चालन अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट गरिनेछ ।

(६) यस समितिको आर्थिक वर्ष गाउँपालिकाको आर्थिक वर्ष सरह हुनेछ ।

(७) समितिको कोष सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१३. **लेखापरीक्षण** : (१) समितिले आफ्नो आय व्यय नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ ।

(२) आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र समितिले गाउँपालिकाले तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराई गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी, जिन्सी जुनसुकै बखत जाँच्ने र जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-५
## विविध

२०. **संशोधन** : (१) गाँउपालिका स्तरीय महिला समन्वय समिति सञ्चालन कार्यविधि २०७५ को संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरी अभ्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा अध्यक्षले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृति दिएपछि मात्र सञ्चालन कार्यबिधि संशोधन भई कार्यान्वयन हुनेछ ।

(३) कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

२१. **सपथ** : समितिको पदाधिकारी तथा सदस्यहरुले आ-आफ्नो पदभार सम्हाल्नु अघि अध्यक्षले गाउँपालिका अध्यक्षबाट र सदस्यहरुले अध्यक्षबाट तोकिए बमोजिम सपथ लिनुपर्नेछ ।